नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुर्खेत

☎०८३-५२०१२१
५२०१२२
फ्याक्स नं.: ५२०३११

VISIT Nepal Year 2020
वीरेन्द्रनगर

पत्र संख्या ०७६/०७७ (स्था.प्र.)
चलानी नम्बर :

मितिः २०७६।१२।०६

## सार्वजनिक सूचना ।

गृह मन्त्रालयको च.नं. ३३४७ मिति २०७६।१२।०६ को पत्र साथ प्राप्त COVID-19 संक्रमण, रोकथाम र नियन्त्रण सम्वन्धी उच्च स्तरीय समन्वय समितिको निर्णयहरू अनिवार्य रूपमा कार्यान्वयन गर्न गराउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

०७६/१२/६

कृष्ण बहादुर खड्का
सहायक प्रमुख जिल्ला अधिकारी

# माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको

## आठौं बैठकको निर्णयहरुः

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मितिः २०७६/१२/०५

१. कोभिड-१९ (COVID -19) बाट संक्रमण भई उपचार गर्नुपर्ने भएमा त्यस्ता विरामीहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सरकारी, सामुदायिक तथा निजी अस्पतालहरूबाट उपचार गराउने व्यवस्था मिलाउने।

२. सिनेमाहल, सांस्कृतिक केन्द्रहरू, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लव, म्युजियम, स्विमिङ्ग पुल, मनोरञ्जन स्थल, डान्सवार तथा क्लव आदिलाई २०७६ चैत मसान्तसम्म बन्द गर्ने। यसको अनुगमन गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयले गर्ने।

३. अत्यावश्यक काममा बाहेक आवतजावत, हिडडुल नगर्ने। सांस्कृतिक, सामाजिक र त्यस्तै कार्यहरूमा मठमन्दिर, गुम्वा, मस्जिद, चर्च जस्ता धार्मिक र पार्टीप्यालेस जस्ता सार्वजनिक स्थलहरूमा २५ जना भन्दा बढी मानिसहरू भेला नहुने। यसको अनुगमन गृह मन्त्रालय एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने।

४. प्रकरण २ र ३ बमोजिमको व्यवस्थाको कार्यान्वयन तथा अनुगमन प्रदेश सरकार तथा स्थानीय तह समेतले गर्ने।

५. यातायात व्यवसायीहरूले सार्वजनिक सवारी साधनहरूमा सीट क्षमता भन्दा बढी यात्रु ओसारपसार नगर्ने, नगराउने। साथै, सर्वसाधारण नागरिकहरूले भीडभाड गरी यात्रा नगर्ने। यस कार्यको अनुगमन नेपाल प्रहरीले गर्ने।

६. यात्रुवाहक सार्वजनिक यातायातका सवारी धनीले सवारी साधन चलाउनु अघि सवारी साधनलाई Disinfection गर्ने। यसको अनुगमन यातायात व्यवस्था विभाग र नेपाल प्रहरीले गर्ने।

७. मानिसहरूको बढी जमघट हुने सार्वजनिक स्थलहरूमा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) ले दैनिक रूपमा निश्चित समयको अन्तरालमा सरसफाई एवं Disinfection गर्ने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय प्रशासनले आवश्यक समन्वय गरी यसको अनुगमन गर्ने।

८. बजारमा उपभोग्य सामग्रीको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालो बजारी तथा मिसावट गर्ने, गराउनेलाई प्रचलित कानून बमोजिम तत्काल कडा कारबाही गर्ने। दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरूको पर्याप्त मौज्दात भएकोले आम उपभोक्ताले आफूलाई आवश्यक पर्ने

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

परिमाणमा मात्र सामग्रीहरू खरिद गर्ने र अनावश्यक सञ्चय नगर्ने। यसको अनुगमन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयले गर्ने, गराउने।

९. आवागमनमा लगाएको प्रतिबन्धको कारणले आफ्नो मुलुक फिर्ता जान नसकेका विदेशी नागरिकहरूले भिसा अवधि थप तथा नियमित गर्न आवेदन गरेमा प्रचलित कानून बमोजिम भिसा नियमित गरिदिने। यसको समन्वय गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयले गर्ने।

१०. युरोप, पश्चिम एसिया तथा खाडी क्षेत्रका सबै मुलुकहरू एवं टर्की, मलेसिया, दक्षिण कोरिया र जापानबाट सिधा उडान भई आउने, ती मुलुकलाई ट्रान्जिट बनाइ आउने तथा उल्लिखित मुलुकहरूबाट प्रथम यात्रा शुरु गरी अन्य जुनसुकै मुलुकलाई ट्रान्जिट बनाइ आउने सबै यात्रुहरूलाई २०७६ चैत ७ गते शुक्रवार (२० मार्च २०२०) नेपाली समयको मध्यरात देखि लागु हुने गरी २०७६ चैत ३० गते आइतवार (१२ अप्रिल २०२०) सम्म आगमनमा प्रतिबन्ध लगाउने। यस सम्बन्धी सूचना विदेशस्थित नेपाली कुटनीतिक नियोगहरू, नेपालस्थित विदेशी नियोगहरू र नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई दिने।

११. नेपाल सरकारद्वारा निश्चित अवधि तोकी Travel Advisory जारी गरेको कारणबाट कुनै यात्रुले उक्त अवधिभित्रको यात्रा स्थगन गरेको वा वायुसेवा कम्पनी आफैले उडान रद्द गरेको अवस्थामा हवाइ टिकट रद्द गर्दा वा यात्रा मिति परिवर्तन गर्दा कुनै शुल्क नलिन र हवाइ टिकट रद्द गर्दा पुरै रकम फिर्ता गर्न सबै वायुसेवा कम्पनीलाई निर्देशन दिने। यसको अनुगमन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने।

१२. २०७६ चैत ६ गतेदेखि संचालन हुन गइरहेको Secondary Education Examination (SEE), हाल संचालनमा रहेका तथा आगामी दिनमा हुने गरी निर्धारण गरिएका सि.टि.ई.भि.टि. र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

१३. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट संचालित सबै प्रकारका बाल विकास केन्द्रहरू, आधारभूत तथा माध्यमिक विद्यालयहरू, शैक्षिक प्रतिष्ठानहरू र विश्वविद्यालयहरूको पठनपाठन २०७६ चैत मसान्तसम्म बन्द गर्ने।

१४. सरकारी, सामुदायिक र निजी क्षेत्रका तालिम केन्द्र तथा प्रतिष्ठानहरू एवं निजी क्षेत्रका शैक्षिक परामर्श केन्द्रहरूबाट संचालित कार्यक्रमहरू २०७६ चैत मसान्तसम्मका लागि बन्द गर्ने। साथै, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट संचालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा, सम्मेलनजस्ता कार्यक्रमहरू २०७६ चैत मसान्तसम्म बन्द गर्ने।

१५. होटेल, मोटेल, रिसोर्ट, लज, रेष्टुरेन्ट, बार तथा सपिङ्गमलका संचालकहरूले ज्वरो मापन गर्ने उपकरण तथा सामग्रीहरूको व्यवस्था गरी उक्त स्थानहरूमा प्रवेश गर्ने व्यक्तिहरूको स्वास्थ्य जाँच (Health Screening) गर्ने। साथै, हात सफा गर्ने Sanitizer लगायत सफाइका सामग्रीहरूको प्रवन्ध गरी कार्यस्थल, शौचालय आदि स्थान र टेबल, कुर्सी, बार-रेलिङ्गमा नियमित रूपमा Disinfection गर्ने, गराउने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१६. सर्वसाधारण नागरिकहरूमा भ्रम सिर्जना गर्ने वा त्रास फैलाउने गरी कुनै पनि सञ्चार माध्यम (सामाजिक सञ्जालसमेत) बाट भ्रामक एवं आधारहीन अभिव्यक्ति दिएमा प्रचलित कानून बमोजिम कडा कारवाही गर्ने।

१७. सार्वजनिक सेवा प्रवाह गर्ने सबै सरकारी, सार्वजनिक, सामुदायिक, निजी तथा गैरसरकारी संस्थाहरूले आफ्नो कार्यालयको भवन र परिसरको नियमित रूपमा सरसफाई गर्ने। कार्यालय प्रवेश द्वारहरूमा अनिवार्य रूपमा सेनिटाइजरको व्यवस्था गर्ने। नागरिकलाई प्रत्यक्ष सेवा प्रवाहमा संलग्न हुने कर्मचारीहरूले सेवा प्रवाह गर्दा स्वास्थ्य सतर्कता अपनाउने।

१८. स्थलमार्गबाट नेपाल प्रवेश गर्ने सबै यात्रुहरूलाई Health Declaration Form अनिवार्य भर्न लगाइ स्वास्थ्य जाँच (Health Screening) को कार्यलाई थप कडाइ गर्ने।

२०७६/१२/५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं